www.mithilaratna.com
सुशासन र संस्कृतीको सम्वाहक
जि.प्र.का.सिरहा द.नं. १११/०७६/०७७

# मिथिला रत्न

Mithila Ratna Daily National Newspaper
राष्ट्रिय दैनिक

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस् । हामी तपाइलाई उचित स्थान दिने छौं । साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने
मो.नं. ९८०५९२७५३०
ईमेल : shivdayaly520@gmail.com

वर्ष : ६ अंक : २८७ २०८२ बैशाख १५ गते सोमवार (Monday 28 April. 2025) मूल्य रु ५/–

## सहिदकी आमाको रोदन: आफूलाई विपत्ति, अरूलाई सम्पत्ति

जीवछ यादव



सिरहा । लहान नगरपालिका–४ का लक्ष्मी सहनी र डोमनी सहनीकी छोरा विजय सहनी २०६३ सालमा लहानबाट सुरु भएको मधेश आन्दोलनमा सहादत भए । सहादत भएका छोराको वियोगमा रहेका सहनी दम्पती यतिबेला बिचल्लीमा परेका छन् । सहिद विजय सहनीका आमा डोमनी देवी सहनी दुःखेसो पोख्नुहुन्छ, "बुढेसकालको सहारा रहेको अविवाहित छोरा विजय सहनी मधेश आन्दोलनमा प्रहरीले चलाएको गोली लागेर ढलेपछि संसार नै शून्य भयो ।

२०६४ वैशाख २४ गते शान्ति तथा पुनर्निर्माण मन्त्रालयले लहानको आन्दोलनमा सहादत भएका पाँचै जनाको परिवारजनलाई १० लाख रुपियाँ दिएको थियो ।१० लाख रुपिया मैले पनि पाएँ । त्यो रकमले १८ कट्ठा जमिन खरिद गरेँ । त्यतिबेला सस्तोमा खरिद गरिएको जग्गाअगाडि क्यान्सर अस्पताल निर्माण हुन थालेपछि अहिले त्यसको मूल्य आकासिएको छ । मूल्यवान् जग्गा देखेपछि आफन्त र साहुको पनि लोभ जाग्यो ।

१८ कट्ठा जमिनमा मेरा देवर, जेठाजु गरी छ दाजुभाइले तीन कट्ठाका दरले हिस्साफाँट लिए । मेरो भागमा रहेको तीन कट्ठामध्ये मिटरब्याजी साहु लहान–१ का नरसिंह गुप्ताले नै दुई कट्ठा हडप्यो । बाँकी रहेको एक कट्ठा छोरीको विवाहमा दाइजोमा सकियो । अहिले सुकुमवासी भएँ ।" डोमनीको पति लक्ष्मी सहनी छोराको वियोगमा मदिरा सेवन गरेर प्रायः बेहोस रहने गरेका छन् । डोमनी मजदुरी गरेर गुजारा गर्न बाध्य रहेको बताउनुहुन्छ ।

उहाँका देवर जेठाजुले हिंस्सा लिएको जग्गा अहिले धुरको तीन लाख रुपियामा बिक्री भइरहेको छ, त्यही जग्गा मिटरब्याजी साहुले एक लाख मूलधनको पाँच वर्षमा आठ लाख रुपियाँ बनाएर दृष्टिबन्धक गराएर हड्पिदियो । आँसु झार्दै डोमनी सहनी भन्नुहुन्छ, "छोरा मेरो मरे । सम्पत्ति देबर जेठाजु र मिटरब्याजी साहुले पाइयो । योभन्दा ठुलो अन्याय के नै होला ।" डोमनी र लक्ष्मी सहनीको न्यायका लागि छिमेकी रामप्रसाद साहु ८५ वर्षको उमेरमा समाजका अगुवासँग जनता समाजवादी पार्टीका उच्च तहका नेतासँग न्यायको गुहार गर्न दौडधुप गरेर थाकेपछि अदालतको ढोका ढकढक्याउन पुगेको बताउँदै एक वर्षभन्दा बढी उच्च अदालत राजविराज इजलासबाट कुनै सुनवाइ नहुँदा निकै पीडा महसुस भएको सुनाउनुभयो । उहाँले भन्नुभयो, "मधेश र मधेशी

बाँकी पृष्ठ ३ मा.....

## गर्मीले आकुलव्याकुल तराई–मधेश

अजय साह

जनकपुर । तराई–मधेशका अधिकांश स्थानमा एक सातादेखि तातो हावा तथा लु (हिट वेभ) चलिरहेको छ । तराई–मधेशका अधिकांश भागमा केही दिनयता अधिकतम तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ । धेरै गर्मीका कारण जनजीवन प्रभावित भएको छ । दिउँसो त घरबाहिर निस्किनै नसकिने अवस्था छ । महोत्तरीको औरही नगरपालिका–२ का किसान महिला मञ्जुदेवी यादवले भन्नुभयो, "खेतीपातीको काम त बिहानबेलुका गर्छौं । यो साल त साह्रै गर्मी भयो । पहिला पो घाम भयो, यसो शीतलमा बसौंभन्दा ठुल्उला रूख हुन्थे, अहिले त रूख पनि कहाँ पाउनु ? बुढाले छाता ओड्नुभयो भने म सलको सप्को टाउकोमा हाल्छु, बुढाले टाउकामा फेटा बाँधे म छाता ओड्छु । घाम त छाता र सप्कोले छल्दै आएका छौ ।"

गौशाला नगरपालिका–५ की सुनिताकुमारी भन्नुहुन्छ, "घरबाट निस्किँदा घामबाट जोगिन सनब्लकको प्रयोग गरेकी थिएँ, पसिनाले सबै गयो । छाताले पनि घाम छेक्दैन । अहिले चर्को घाम छ । एकछिन घाममा बस्दा टाउको दुखेर मर्नु हुन्छ ! घाम सहनुभन्दा अर्को विकल्प नै के हुन्छ र ?" औरहीका युवा प्रेमबाबु यादव जसरी जाडोमा चोक चोकमा दाउरा बाल्ने, निःशुल्क चिया बाँड्ने गरिन्छ, त्यस्तै गर्मीमा पनि केही उपाय निकाल्नुपर्ने बताउनुहुन्छ ।

"गर्मीमा चोक चोकमा पानीको व्यवस्था गर्नु पर्छ । सडकमा पानी छर्कने व्यवस्था गर्न सके केही सहज हुन्थ्यो । स्थानीय सरकारले यसमा ध्यान दिनु पर्छ । अत्यधिक घामबाट बच्ने उपायबारे पनि

बाँकी पृष्ठ ४ मा.....

## 'नेपाल–भारतबिचको मित्रता प्रगाढ'




मिथिला रत्न संवाददाता

जनकपुरधाम । भारतको विहार सरकारका पञ्चायती राज विभागमन्त्री केदारप्रसाद गुप्ताले नेपाल र भारतबिचको मित्रता प्रगाढ रहेको बताउनुभएको छ । उहाँले सम्बन्धलाई अझै सुदृढ र मजबुत बनाएर अगाडि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो । मधेश प्रदेशको राजधानी जनकपुरधाममा शनिबार कानुन समाज नेपालले आयोजना गरेको शपथग्रहण तथा सम्मान कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले रामायणकालीन भगवान् रामसीताको विवाहको प्रसङ्ग उल्लेख गर्दै नेपाल र भारतबिचमा ऐतिहासिक धार्मिक, सांस्कृतिक सम्बन्ध रहेकोले यसलाई कसैले तोड्न नसक्ने बताउनुभयो । उहाँले

बाँकी पृष्ठ ३ मा.....

## दुई ट्रक ठोक्किएर दुर्घटना

विजयकुमार साह

जनकपुर । धनुषामा दुई ट्रक एक आपसमा ठोक्किँदा दुर्घटना भएको छ । धनुषाको धनुषा नगरपालिका ६, मालटोल चौकमा आइतबार बिहान ६ बजे पूर्वतर्फ गइरहेको प्र ०२ ०३ ००१ख ०७१५ नम्बरको ट्रक र विपरीत दिशाबाट आइरहेको ना ६ ख ३४६३ नम्बरको ट्रक एक आपसमा ठोक्किँदा दुर्घटना भएको हो । दुर्घटनापछि ना ६ ख ३४६३ नम्बरको ट्रकमा आगलागी भइ पूर्ण रूपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा दुवै ट्रकका चालक र सहचालक घाइते भएका छन् । घाइतेहरूलाई तत्काल उद्धार गरी उपचारका

बाँकी पृष्ठ ३ मा.....

## मिथिला 'पेन्टिङ' सिकाइमा जम्दै किशोरी

मिथिला रत्न संवाददाता



जनकपुर । मटिहानी–८ की खुश्बु यादव अहिले घर नजिकै मिथिला पेन्टिङ सिक्दै हुनुहुन्छ । उहाँसहितका ३० किशोरीलाई मटिहानी नगर कार्यपालिका कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले उक्त अवसर दिएको हो । भर्खर १७ वर्ष उमेर टेकेकी यादवको एकमहिने मिथिला पेन्टिङ सिकेर यसै सीपबाट आत्मनिर्भर बन्ने सपना छ । "यहीँकै राम मावि ९माध्यमिक विद्यालयमा १२ कक्षामा पढ्दै पनि छु, अहिले मिथिला पेन्टिङ सिक्ने अवसर पाइयो, मेरो यो सीपमा जम्ने सपना छ", यादव भन्नुहुन्छ, "मिथिला पेन्टिङको विश्वव्यापी चर्चा छ, म यसैमा दक्षता बढाउन खोज्दै छु ।" माध्यमिक तहमा अध्ययनरत किशोरीका लागि सीप सिकेर मिथिला पेन्टिङलाई व्यवसाय नै बनाउन सकून् भन्ने ध्येयले नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले एकमहिने तालिमको प्रबन्ध गरेको हो । तालिम प्रारम्भले नै तन्मयसाथ सिक्न उत्प्रेरित गरेको सहभागी किशोरी बताउँछन् । "औपचारिक तालिम सुरु भयो, मिथिला पेन्टिङका बारेमा सुनेकी थिएँ, तालिमबाट थप थाहा पाएँ", मटिहानी–६ की १६ वर्षीया रञ्जु साह भन्नुहुन्छ, "तालिमले धेरै कुरा सिकाउने विश्वास जागेको छ ।" खुश्बु यादवको जस्तै साहको पनि सीप सिकेर व्यावसायिक रुपमै मिथिला पेन्टिङमा लाग्ने रहर पलाएको छ ।

मटिहानी नगरपालिकाका बजारक्षेत्र समेटेर वडा नं ६, ७ र ८ का विद्यालयमा अध्ययनरत १३ वर्षदेखि १९ वर्ष उमेर समूहभित्रका किशोरीलाई सीप सिकाएर आत्मनिर्भर बनाउने उद्देश्यले तालिम आयोजना गरिएको मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलले बताउनुभयो । "मुख्य ध्येय आर्थिक उपार्जनमा महिला

बाँकी पृष्ठ ४ मा.....

**मिथिला रत्न प्रकाशनको लागि**

प्रकाशक/सम्पादक: शिव दयाल यादव
मो.नं. ९८०५९२७२३०
सल्लाहकार : दीप कुमार यादव
व्यवस्थापक : दिपेश कुमार यादव
संवाददाताहरु: बिनय यादव, विनोद मण्डल
संजय कुमार विश्वकर्मा,
विजय सिंह
कम्प्युटर ले-आउट: मिथिला रत्न न्युज डेस्क
ईमेल : shivdayaly520@gmail.com
कार्यालय : विष्णुपुर गा.पा :- १, सिरहा
मुद्रक : आयुष्मान अफसेट प्रेस,

## सम्पादकीय..

## आवासीय चिकित्सकका माग अब त पूरा गर !

*सरकारले नै कार्यदल गठन गरेकाले सिटका सम्बन्धमा त्यसको सिफारिसअनुसार गर्ने र निजी अस्पतालहरूले सरकारको निर्देशनअनुसार पारिश्रमिक दिने गरी तत्काल अहिलेको समस्या तत्काल टुंग्याउनुपर्छ*

शिक्षक, कर्मचारीहरू सडक आन्दोलनमा रहेकै बेला आवासीय चिकित्सकहरूको मागमा समर्थन जनाउँदै नेपाल चिकित्सक संघ पनि आन्दोलनमा उत्रेको छ । आवासीय चिकित्सकहरूलाई निजी क्षेत्रबाट सञ्चालित अस्पतालहरूमा पनि सरकारी सरह पारिश्रमिक दिनुपर्ने सरकारी निर्णय कार्यान्वयन नभएपछि आन्दोलन सुरु भएको हो ।

केही आलटालपछि सरकारले आवासीय चिकित्सकलाई न्यायोचित पारिश्रमिक दिनुपर्ने निर्णय सरकारले गरेको थियो । सुरुमा सरकारले नै पुठ दिएको निजी अस्पताल सञ्चालकहरूले भने सरकारले तोकेको पारिश्रमिक दिन नसक्ने भन्दै उल्टै बरू कार्यक्रमै बन्द गर्ने घुर्की लगाउन थालेका छन् ।

आवासीय चिकित्सकहरूको मागमा साथ दिँदै नेपाल चिकित्सक संघले आकस्मिक र सघन उपचारबाहेकका सेवामा संलग्न नहुन आह्वान गरेको थियो । यही आह्वानपछि सरकारी अस्पतालमा कार्यरत चिकित्सकहरुले बहिरङ्ग सेवा ठप्प पारेका छन् । उपत्यकाका सरकारी अस्पतालहरूमा आइतवार पनि बहिरङ्ग सेवा आंशिकरूपमा प्रभावित भएको छ ।

निजी क्षेत्रका मेडिकल कलेज सञ्चालकहरूले घाटा हुनेअवस्थामा चिकित्सामा स्नातकोत्तर कक्षा सञ्चालन गर्न नमान्नु अर्थैल्याइँ होइन । तर, आवासीय चिकित्सकलाई उचित पारिश्रमिक नदिई काममा लगाउनु भने अन्याय नै हो । सम्भवतः यही कारणले सरकारले हस्तक्षेप गर्नुपरेको हो ।

यसैबीच आवासीय चिकित्सकहरूलाई सरकारीसरह पारिश्रमिक दिनुपर्ने हो भने एमबीबीएसको सिट बढाइदिनुपर्ने सर्त निजी मेडिकल कलेजका सञ्चालकले सरकार समक्ष राखेका छन् । सरकारले पनि एमबीबीएसको सिट बढाउने मागमा अध्ययन गर्न कार्यदल गठन गरिसकेको छ ।

आवासीय चिकित्सकहरूलाई न्यायोचित पारिश्रमिक दिनुपर्ने यथार्थ स्वीकार्नकै लागि सरकारले अनावश्यक समय लगायो । त्यसपछि पनि निजी अस्पतालका सञ्चालकहरूप्रति सरकार अपेक्षाकृत बढी नै झुकाव देखाएको थियो । निकैपछि मात्र सरकार आवासीय चिकित्सकहरू सबैलाई समान पारिश्रमिकको सिद्धान्त स्वीकार गर्न तयार भएको हो ।

सरकारले संवेदनशीलता देखाएको भए डाक्टरहरूले पनि पटकपटक सेवा ठप्प पक्कै गर्ने थिएनन् । लोकतान्त्रिक समाजमा सामूहिकरूपमा माग राख्ने र पूरा गराउन हड्ताल गर्ने अभ्यास सामान्य नै हो । तर, शिक्षा, चिकित्सा, सुरक्षालगायतका सेवामा भने हड्तालै गर्नुपर्ने वा हुने अवस्था बिरलै आउँछ ।

# शिक्षकको आन्दोलन, विद्यार्थीको भविष्य र सरकारको अकर्मण्यता

**राजेन्द्र पन्थीराजेन्द्र पन्थी**



नयाँ वर्षसँगै सुरु हुने नयाँ शैक्षिक सत्रबाट नयाँ उमङ्ग, आशा र सपनासहित विद्यार्थी विद्यालयमा हुनुपर्ने हो, तर यतिबेला विद्यालय कहिले खुल्छ भन्ने अन्योल र चिन्तामा छन् उनीहरू । आज राज्यप्रति विद्यार्थी र युवा वर्गको अविश्वास र आक्रोश बढ्दै गएको छ, यस्तो बेला विद्यालय नै बन्द हुनुले राज्यप्रति उनीहरुको अविश्वास थप बढ्ने देखिन्छ ।

यतिखेर देशका सबै शिक्षक राजधानीकेन्द्रित आन्दोलनमा छन् । सिंहदरबारअगाडि गएर शिक्षकले घाँत्रो सुक्ने गरी चिच्याउँदा समेत सरकारले सुनेको छैन । शिक्षकको आन्दोलनमा रमितेजस्तो बनेको सरकारले विद्यार्थीको भविष्यमाथि खेलबाड गरेको देखिन्छ । प्रधानमन्त्री केपी शर्मा ओली जिम्मेवारविहीन भई आन्दोलनरत शिक्षकलाई खिसिट्युरी गरिरहेका छन् ।

शिक्षक भने आफ्ना पेसागत हकहितको ग्यारेन्टी र संविधान अनुसारको नयाँ शिक्षा ऐन जारी नभएसम्म विद्यालयमा नफर्कने हठमा छन् । सरकार र शिक्षकका लडाइँको मारमा लाखौँ विद्यार्थीको भविष्य पिल्सिएको छ । संसारमै शिक्षक र शिक्षण भनेका सबैभन्दा गर्विला र सम्मानित पात्र र पेसा हुन् । पूर्वका दर्शन र शास्त्रमा शिक्षकलाई परमात्मासँग दाँजिएको छ । शास्त्रहरूमा शिक्षकलाई गुरु भनिएको छ । शास्त्रमा लेखिएको छ– गुरुर्ब्रह्मा गुरुविष्णुः गुरुदेव महेश्वर ।
गुरुस्साक्षात् परब्रह्म तस्मै श्री गुरुवे नमः ।
अर्थात् गुरु भनेका ब्रह्मा, विष्णु महेश्वर र परमात्मा हुन् । समाजको सबैभन्दा उच्च दर्जाको व्यक्तिका रूपमा गुरुलाई हेरिएको छ । पूर्वका वेद, उपनिषद्, पुराणमा गुरु र शिष्यका बारेमा व्यापक चर्चा गरिएको पाइन्छ । नेपालको शिक्षा प्रणाली पनि गुरु–शिष्य प्रणाली वा परम्पराबाट विकास भएको हो ।

पश्चिमी दार्शनिक अरस्तुले त शिक्षकहरू बालबालिकालाई जन्माउने बाबुआमाभन्दा सम्मानित हुन्छन् र उनीहरूले कसरी बाँच्ने भन्ने कला सिकाउँछन् भनेका छन् । पूर्व–पश्चिम जतातै प्राचीनकालदेखि अहिलेसम्म शिक्षकलाई अत्यन्तै सम्मानित र एउटा आदर्शवान् पात्रका रूपमा चिनिँदै आएको छ । समाजका उदाहरणीय, सचेत, आदर्श र निर्णायक वर्गका रूपमा शिक्षकलाई मानिन्छ ।

समाज कस्तो बनाउने भन्ने महत्त्वपूर्ण भूमिका शिक्षकको हातमा रहेको हुन्छ । शिक्षकको भूमिका केवल औपचारिक रूपमा विद्यालयभित्र मात्र नभएर समाजका हरेक क्षेत्रमा हुन्छ । शिक्षक जहिले र जहाँ पनि आदर्श पात्रका रूपमा स्थापित हुन्छन् । समाजले मान्ने एउटा विश्वासिलो पात्रमध्ये शिक्षक पनि एक हो ।

शिक्षण पेसा अरु पेसाभन्दा अत्यन्तै जिम्मेवार, मर्यादित र सम्मानित पेसा पनि हो । समाज र राष्ट्रका लागि कस्ता किसिमका नागरिक र जनशक्ति उत्पादन गर्ने भन्ने शिक्षकको हातमा हुन्छ । कुनै व्यक्तिमा रहेका उसका रुचि, स्वभाव, व्यवहार आदिजस्ता मनोविज्ञानको अध्ययन गरेर एउटा सक्षम र दक्ष नागरिक तयार गर्ने सीप शिक्षकमा हुनुपर्छ । समाजमा सबै किसिमका नागरिक तयार गर्ने श्रेय शिक्षककै हो ।

शिक्षकका दायित्व र जिम्मेवारी अथाह छन् । डाक्टर, पाइलट, वैज्ञानिक, व्यवसायी, व्यापारी, उद्योगी आदि सबैले मान्ने पद भनेको शिक्षक नै हो ।

त्यसैले शिक्षण पेसा सबैको अत्यन्तै मर्यादित र सम्मानित पेसा हुन पुगेको छ । शिक्षण पेसा भनेको सबैभन्दा उत्कृष्ट पेसा पनि हो । आजको दिनमा शिक्षणजस्तो मर्यादित पेसा अँगालेका शिक्षक आफ्नो पेसागत हकहितका लागि भनेर विभिन्न माग राखी महिनौँ विद्यालय बन्द गरी आन्दोलनमा उत्रिनु देशका लागि राम्रो सङ्केत र सन्देश होइन । नेपालमा शिक्षकका हकहित र शिक्षण पेसा र शैक्षिक विकासका लागि थुप्रै आन्दोलन गरिएको लामो इतिहास रहेको छ । सरकारले आफ्ना माग नसुनेकै कारण धेरैपटक नेपालका शिक्षक चक र डस्टर हातमा लिएर सडकमा आएका छन् ।

नेपालमा शिक्षकहरूको संगठित आन्दोलनको इतिहास २०३६ सालदेखि सुरु भएको देखिन्छ । २०३६ जेठ २ गते मकवानपुर जिल्लाको भुटनदेवी माध्यमिक विद्यालयबाट शिक्षकहरूले संगठित आन्दोलन सुरुवात गरेका थिए । सोही वर्ष जेठ ३१ गतेदेखि शिक्षकहरूको काठमाडौंमा गठित अन्तर्जिल्ला सघर्ष समितिले १० महिने आन्दोलनबाट आफ्ना माग पूरा गरेका थियो ।

बाँकी पृष्ठ ४ मा.....

डेंगी रोग बारे बुझ्नुपर्ने कुराहरू



डेँगी 'एडीस एजिप्टी' र 'एडिस एल्बोपिक्टस्' प्रजातीका लामखुट्टेहरुको टोकाइबाट सर्छ। त्यसैले यसबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्छ।

अर्नमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,सिरहा
मधेश प्रदेश, नेपाल

## सहिदकी आमाको...

यसै गरी २०३८ सालको १०४ दिनको शैक्षिक हडताल, २०४१ सालको ६ महिना लामो असहयोग आन्दोलन, २०४६ को आन्दोलन, २०५५ को आन्दोलन, २०६२/६३ को आन्दोलन, त्यस्तै २०७३ र २०७६ आन्दोलन आदि शिक्षकका महत्त्वपूर्ण ऐतिहासिक आन्दोलन हुन् । अहिले चलिरहेको आन्दोलन भने २०७५ देखि निरन्तर चलेको आन्दोलन हो । सरकारले शिक्षकसँग पटकपटक सम्भौता गरेर कार्यान्वयन नगरेका कारण आज शिक्षक बाध्य भएर चैत २० देखि काठमाडौँकेन्द्रित आन्दोलनमा छन् ।

नेपालमा धेरैपटक व्यवस्था परिवर्तन भए तर पञ्चायती व्यवस्थामा बनेको शिक्षा ऐन २०२८ अनुसार आजको शिक्षा प्रणाली र शैक्षिक संरचना चल्नुपरेको छ । यस्तो ऐनबाट देशले कस्तो शैक्षिक अवस्था र कस्तो गुणस्तर शिक्षा पाएको होला ? सजिलै अनुमान गर्न सकिन्छ ।

राजनीतिक अस्थिरताका कारण सरकार पटकपटक परिवर्तन हुँदा शिक्षकका सहमतिलाई कार्यान्वयन नगरिएको देखिन्छ ।अघिल्लो सरकारले गरेका सम्भौता पछिल्लो सरकारले कार्यान्वयनको प्रक्रियामै लैजाँदैन । शिक्षकहरूले पटकपटक दबाब दिँदा पनि सरकार मौन भएर सम्भौतालाई कार्यान्वयन नगरेकै कारण आजको अवस्था आइलागेको देखिन्छ ।

आफू प्रतिपक्षमा हुँदा दलहरूले शिक्षकलाई उराल्ने र उकास्ने अनि सत्तापक्षमा हुँदा सुन्दै नसुन्ने द्वैध प्रवृत्तिले गर्दा शिक्षकका माग सम्बोधन हुन नसकेका हुन् ।सरकारको अकर्मण्यताकै कारण आज शिक्षक सडकमा आन्दोलन गरिरहेका छन् । महिना दिनसम्म विद्यालय बन्द हुँदाको सामाजिक, आर्थिक, बौद्धिक र मानसिक क्षतिप्रति सरकार कति पनि गम्भीर र चिन्तित देखिँदैन । देशका प्रधानमन्त्री यसमा संवेदनशील नबनी उल्टै उखान–टुक्का भन्दै आफ्ना कार्यकर्तालाई रनभुल्लमा पारिरहेका छन् । शिक्षकहरू अहिलेको नयाँ व्यवस्था अनुसारको नयाँ शिक्षा ऐन चाहेका छन् ।

उनीहरूका करिब २० वटा माग रहेका छन् । अस्थायी प्रकृतिका शिक्षकलाई व्यवस्थापन गर्नुपर्ने, विद्यालयमा कर्मचारी व्यवस्थापन गरिनुपर्ने, बालविकास शिक्षालाई विद्यालयभित्र ल्याउनुपर्ने, हरेक दश वर्षमा शिक्षकको बढुवा गरिनुपर्ने, संस्थागत विद्यालयका शिक्षकलाई सामुदायिक विद्यालयका शिक्षकसरह सेवा–सुविधा दिनुपर्ने आदिजस्ता माग रहेका छन् । शिक्षकका अनुसार उनीहरू केवल आफ्ना पेसाको हकहितका लागि मात्र नभएर देशको शैक्षिक संरचनाको आमूल परिवर्तनका लागि आन्दोलनमा उत्रिएको बताएका छन् । शिक्षकको पेसालाई मर्यादित र सम्मानित भनिए पनि आजका नेपालका शिक्षकको कार्यशैली र परिणामप्रति थुप्रै शंका र प्रश्न उठेका छन् ।

शिक्षकहरू विद्यार्थीलाई गुणात्मक शिक्षा प्रदान गर्न नसकेको, समाज र राष्ट्रप्रति जवाफदेही तथा जिम्मेवारी बन्न नसकेको, दलका झोले बनेको लगायन आरोप छन् । शिक्षक भनेको जहिले पनि विद्यार्थीजस्तै हुनुपर्छ । ऊ जहिले पनि अध्ययन, अनुसन्धान र खोजमा लागिरहनुपर्छ । समय अनुकूल शिक्षकले शैक्षणिक सीपमा परिवर्तन गर्दै जानुपर्छ । प्रधानमन्त्रीले ५२ प्रतिशत विद्यार्थी फेल गराउने भन्दा शिक्षकले अपमानित महसुस गरी लाचार बन्ने होइन, शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराएर शिक्षक हुनुको गर्वलाई अझै उचाइमा पुऱ्याउनुपर्छ ।

यद्यपि शतप्रतिशत विद्यार्थी उत्तीर्ण गर्न केवल शिक्षकले मात्र मिहिनेत र प्रयास गरेर पुग्दैन । यसमा विद्यार्थी, अभिभावक, समाज र सरकारको महत्त्वपूर्ण भूमिका र सहयोग चाहिन्छ ।सामुदायिक विद्यालयका शिक्षकले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमै पढाएर आमअभिभावकको विश्वास जित्न सक्नुपर्छ । शिक्षकले आफैँले पढाउने विद्यालयप्रति अविश्वास गरी आफ्ना छोराछोरीलाई सहरका महँगा र सुविधासम्पन्न निजी विद्यालयमा पढाउनाले पनि सरकारी विद्यालयप्रतिको गुणस्तर र विश्वास घटेको देखिन्छ ।

आजका नेपालका शिक्षक राजनीतिक दलको दलदलबाट मुक्त हुन सकेका छैनन् । लोकतन्त्रमा विचारको स्वतन्त्रता भएको हुनाले आफ्नो आस्था जुनसुकै दलमा भए पनि शिक्षकहरू दलको झोले र टिके बन्नु हुँदैन । शिक्षक देशको बन्नुपर्छ । जबसम्म नेपालमा शिक्षकहरू दलका कार्यकर्ताबाट अलग हुँदैनन्, तबसम्म शिक्षामा गुणात्मक परिवर्तन हुन सक्दैन र आममानिसमा शिक्षकलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन हुँदैन ।

शिक्षकहरू दलप्रति होइन पेसाप्रति प्रतिबद्ध हुनुपर्छ । शिक्षकहरू विषयवस्तु र शैक्षणिक क्रियाकलापप्रति अध्यावधिक हुन नसक्नु नै उनीहरूको आजको प्रमुख कमजोरी हो । नयाँ–नयाँ प्रविधि र आविष्कारको विकास हुँदै विश्व आज एआईको युगमा पुगेको छ, तर हाम्रा विद्यालयमा शिक्षक दलको टिका लगाएर उही पुरानै र परम्परित चक, डस्टर र कालोपाटीमा सीमित हुन पुगेका छन् ।

यो तरिकाले शिक्षक र शिक्षण पेसा सम्मानित हुन सक्दैन, विश्वमा प्रतिस्पर्धी र गुणात्मक विद्यार्थी पनि उत्पादन गर्न सकिँदैन । शिक्षक र विद्यार्थीले समयानुकूलको नयाँ प्रविधिमा आधारित रहेर पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्य सामग्रीको प्रयोग गर्नुपर्छ । राज्यले केवल शिक्षकलाई मात्र दोष दिएर उम्कन पाइँदैन, विद्यालयहरू प्रविधिमैत्री बनाउनुपर्छ र शिक्षकलाई समय–समयमा तालिम दिइरहनुपर्छ । राज्यले शिक्षकले उठाएका जायज मागलाई विलम्ब नगरी सम्बोधन गरी पेसागत सुरक्षालाई ग्यारेन्टी गर्नुपर्छ ।

शिक्षकले पनि अब मेरै गोरुका बाह्रै टक्का भनेझैँ अस्थिर सरकारको कमजोरीको फाइदा उठाई देशको शैक्षिक अवस्थालाई महिनौँ ठप्प पार्नु हुँदैन, विद्यार्थीको भविष्यप्रति संवेदनशील हुनुपर्छ । विद्यार्थीले समयमा नतिजा नपाउँदा र परीक्षा दिन नपाउँदा आर्थिक क्षति र मानसिक पीडा बेहोर्नुपर्ने हुन्छ । राज्य जिम्मेवार भएन भनेर शिक्षकहरू पनि गैरजिम्मेवार हुनुहुँदैन ।शिक्षकका कतिपय माग संविधानसँग बाँझिने किसिमका छन् । नेपालको संविधान अनुसार नेपाल संघीयताको कार्यान्वयनमा गइसकेको अवस्थामा शिक्षकहरू स्थानीय सरकारको अधीनमा बस्दैनौँ भन्नुले शिक्षकहरू संघीयताप्रति विरोधी त हैनन् भन्ने प्रश्न उठेको छ । शिक्षकले विद्यालय बन्द गरेर आफ्ना माग पूरा गर्न देशलाई कति आर्थिक व्ययभार पर्छ र त्यसको स्रोत के हुन सक्छ भन्नेमा संवेदनशील नभएको पनि देखिन्छ । शिक्षकको आन्दोलनका कारण देशभरका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ९ सम्मका विद्यार्थी नतिजा र पढाइको प्रतीक्षामा छन् भने कक्षा १२ का विद्यार्थी परीक्षा पुनः हुने हो कि होइन भन्ने दोधार र अन्योलमा छन् ।

यसले देशका युवा वर्गमा थप असन्तुष्टि, आशंका र अविश्वास पैदा हुने देखिन्छ । विद्यार्थीका लागि एक सेकेन्डको समय पनि कति महत्त्वपूर्ण हुन्छ भन्ने सरकारले पटक्कै बुझ्न नसकेको देखिन्छ । विद्यार्थीको भविष्यमाथि सरकार खेलबाड गरिरहेको देखिन्छ । शिक्षकका उचित मागलाई समयमै सम्बोधन गर्न नसक्नु, विद्यार्थीले वर्षभरि पढेर र परीक्षा दिएर नतिजा पाउन नसक्नु र समयमा परीक्षा दिलाउन नसक्नु सरकारको नालायकीपन हुन्छ । विद्यार्थी र अभिभावकलाई राज्य पनि छ भन्ने अनुभूति दिने हो भने सरकारले तुरुन्तै शिक्षकलाई वार्तामा बोलाई उनीहरूका जायज माग र सम्भौतालाई कार्यान्वयनको बाटोमा लैजानुपर्छ ।

शिक्षकहरू पनि केही लचिलो बनी समाजप्रति जवाफदेही बनेर विद्यार्थीको भविष्यप्रति संवेदनशील बनी सरकारसँग वार्तामा बस्नुपर्छ र शैक्षिक हडताललाई अन्त्य गर्नुपर्छ । नेपाल अहिले एउटै कुरामा मात्र नभएर धेरै कुरामा फसेको छ र फसाइएको छ । लोकतन्त्रका नाममा दलतन्त्र र दलतन्त्रमा पनि तीन तन्त्रका कारण देशले लामो समयसम्म विकास र निकास पाउन सकेको छैन । यस्तो अवस्थामा शिक्षक दलमुक्त भई शैक्षणिक क्रियाकलापबाट पनि भ्रष्टाचारमा चुर्लुम्म डुबेको देशलाई उतार्नुपर्ने देखिन्छ । अब शिक्षक विद्यालय बन्द गरेर होइन, विद्यालय खोलेर देशको शैक्षिक समृद्धि र गुणस्तरीय शिक्षाका लागि जिम्मेवार बनेर लाग्नुपर्छ । शिक्षकहरूले दलको झोला बोकेर होइन, दललाई ज्ञान, बुद्धि र आदर्शका झोला बोकाइ हिँडाल्नुपर्छ ।

## सहिदकी आमाको...

जनताको मुक्तिका लागि लड्दालड्दै सहादात प्राप्त गरेको विजय सहनीको आमाबुवासँग समेत न्याय भएन । सरकारले दिएको विजय सहनीका पाँच जना काका र मिटरब्याजी साहु गुप्ता लखपति भए । आफू खाकपति । छोरा पनि गुम्यो सम्पत्ति पनि सकियो । योभन्दा अन्याय के नै हुन्छ ?" मानव अधिकारवादी राजकुमार राउतले मधेश आन्दोलनमा लहानमा सहादत भएका पाँचै जना सहिद परिवारमध्ये विजय सहनीको आमा र बुवा डोमनी सहनी र लक्ष्मी सहनीको अवस्था दयनीय भएको बताउनुभयो । सहिद विजय सहनीका काकाले जग्गामा हिस्सा लिइनु र मिटरब्याजी साहुले एक लाख रकममा पचास लाखभन्दा बढी मूल्यको जग्गा हडप्नु जस्ता अन्यायमा समाज र परिवारबाट न्याय नपाएको अवस्थामा अदालत र मधेश सरकारले न्याय गर्न न्यायिक कदम चाल्न आवश्यक रहेको उहाँको भनाइ छ ।

## नेपाल–भारतबिचको...

भारत–नेपालको विकासका लागि सदैव प्रतिबद्ध रहेको र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको साथसाथै नेपाल र नेपालीको विकास चाहेको बताउनुभयो ।

उहाँले समाजमा विभिन्न खालका विकृति रहने गरेको भन्दै त्यस्ता विकृतिको अन्त्य गर्न कानुन समाज नेपालले अग्रणी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य सघका अध्यक्ष सुरेन्द्र भण्डारीले जातीय सङ्गठनले समाज सुधारको काममा लाग्नुपर्नेमा जोड दिनुभयो । कानुन समाज नेपालको जनकपुरधाम नगर समिति र सन्तोष साहको नेतृत्वमा चयन भएको युवा समितिका पदाधिकारी र सदस्यलाई शपथ ग्रहण गराइएको थियो ।

जनकपुरधाम आएका भारतको विहार सरकारका पञ्चायती राज विभागमन्त्री केदारप्रसाद गुप्तालाई जनकपुरधाम उद्योग वाणिज्य सघ, गोविन्द सेवा समितिसहितका सघ संस्थाले दोसल्ला र जानकी मन्दिरको प्रतीक चिह्न, मिथिला चित्रकला उपहार दिएर सम्मान गरेको थियो ।

## दुई ट्रक ठोक्किएर...

लागि जनकपुर अस्पताल पठाइएको इलाका प्रहरी कार्यालय ढल्केबर प्रहरी निरीक्षक जटाशङ्कर यादवले बताउनुभयो । दुर्घटनाका कारण केही समयसम्म सो क्षेत्रमा सवारी आवागमन अवरुद्ध भएको थियो। हाल घटनास्थलमा प्रहरी र स्थानीयवासीको सहयोगमा ट्राफिक व्यवस्थापन र आगलागी नियन्त्रणको कार्य सम्पन्न गरिएको छ । दुर्घटनाको कारण र क्षतिको थप विवरण भने अनुसन्धान भइरहेको प्रहरी जनाएको छ ।

# सर्लाही भन्सारमा राजस्व सङ्कलन घट्यो

मिथिला रत्न संवाददाता

सर्लाही । जिल्ला भन्सार कार्यालयले चालु आर्थिक वर्षको चैतसम्म ४१ करोड बढी राजस्व सङ्कलन गरेको छ । आर्थिक वर्ष २०८१–८२ को चैतसम्म कुल रु ४१ करोड ७४ लाख ३३ हजार ४३३ राजस्व सङ्कलन भएको प्रमुख भन्सार अधिकृत ठाकुर आचार्यले जानकारी दिनुभयो । यस आवको नौ महिनामा चार महिनामात्र भन्सार कार्यालयले लक्ष्यअनुसार राजस्व सङ्कलन गरेको छ ।

पाँच महिना लक्ष्यभन्दा कम राजस्व सङ्कलन भएको उहाँले बताउनुभयो । भन्सारबाट हाल सङ्कलन भएको राजस्व लक्ष्यको ९५.०४ प्रतिशतमात्र हो । आवको सुरु महिना साउनमा लक्ष्यको १११.०८ प्रतिशत अर्थात् रु चार करोड ९४ लाख ४१ हजार ५५५ सङ्कलन भएको थियो । दोस्रो महिना भदौमा लक्ष्यको अत्यधिक कम ४३।७१ प्रतिशत अर्थात् रु दुई करोड १३ लाख ७५ हजार ६३८ मात्र राजस्व सङ्कलन भएको तथ्याङ्कमा उल्लेख छ ।

यस्तै असोजमा लक्ष्यको ६७.२२ प्रतिशत अर्थात् रु दुई करोड ८० लाख ५३ हजार ८४५ राजस्व सङ्कलन भएको छभने कात्तिकमा ९०।९३ प्रतिशत रु चार करोड १८ लाख १७ हजार ६३१, मङ्सिरमा १२४.३१ प्रतिशत रु छ करोड ७२ लाख ४९ हजार २९४, पुसमा अहिलेसम्मकै धेरै १२७।३७ प्रतिशत अर्थात् रु छ करोड ७९ लाख नौ हजार ६०१ सङ्कलन भएको कार्यालयले जनाएको छ ।

कार्यालयको तथ्याङ्कानुसार माघमा लक्ष्यको११७.७५ प्रतिशत अर्थात् रु पाँच करोड ९३ लाख ४६ हजार ८२८, फागुनमा ९२.५८ प्रतिशत अर्थात् रु चार करोड ९३ लाख २९ हजार र चैतमा लक्ष्यको ७१.७८ प्रतिशत अर्थात् रु तीन करोड ६५ लाख ७१ हजार ५१० राजस्व सङ्कलन भएको कार्यालयका सूचना अधिकारी एवं भन्सार अधिकृत डम्बरबहादुर बस्नेतले जानकारी दिनुभयो ।यस वर्ष तरकारी आयात गत वर्षको भन्दा कम भएकाले राजस्व सङ्कलन लक्ष्यअनुसार हुन नसकेको उहाँले बताउनुभयो ।यस भन्सार कार्यालयबाट प्लाइ निर्यात हुने गरेको छभने प्लाइ उद्योगका लागि आवश्यक सामग्री, थोरै मात्रामा धान, तरकारीलगायत सामान आयात हुँदै आएको छ ।

### गर्मीले आकुलव्याकुल...

नागरिकलाई जानकारी दिनु पर्छ," उहाँको सुझाव छ । बर्दीबास नगरपालिकामा अटोरिक्सा चलाउँदै आउनुभएका भीमबहादुर आले घरतिर आम्दानीको स्रोत केही नभएपछि यहाँ आएर अटोरिक्सा चलाउने गरेको बताउँदै भन्नुहुन्छ, "आजभोलि त असाध्यै गर्मी छ, बिहान बेलुका मात्रै अटो चलाउँछु । दिउँसो त कोहीबाहिर निस्कँदैन । दिउँसो अटो चलाउन पनि सकिँदैन । बिहान बेलुका अटो चलाउँदा पनि पसिनाले निथ्रुक्कै भइन्छ । घाम भयो भनेर घरमा बस्न पनि मिल्दैन, बिहान बेलुकाको छाक टार्न पनि अटो चलाउनै पर्‍यो ।"

बर्दीबास नगरपालिका–१ की सरिता अधिकारी भन्नुहुन्छ, "एकतले घर छ, दिउँसो त तातेर बस्नै नसकिने हुन्छ । सहनै सक्दिनँ, दिनभरि नलको चिसो पानीले नुहाइरहन्छु । गर्मीले परिवारका सदस्यका शरीरभरि घमौरा आएका छन् ।"अत्यधिक गर्मीले विगत केही दिनदेखि दैनिक ज्यालादारी गर्ने मजदुरहरूको जनजीवन कष्टकर बनेको छ । जीविकोपार्जनको माध्यम दैनिक ज्यालादारी मात्रै हुने मजदुरलाई उखरमाउलो गर्मीमा काम गर्न निकै कठिन भएको बर्दीबास–३ का दुर्गा परियारको भनाइ छ ।

"बढ्दो गर्मीले होला मलाई एकदमै चक्कर आउला जस्तो हुन्छ तर यो काम नगरी सुखै छैन । मैले काम गर्नैं पर्छ," घर निर्माणको काम गर्दै उहाँले भन्नुभयो । गर्मी बढ्दै गएको भए पनि उहाँ जस्तै महिला कामदारहरू काममा व्यस्त छन् । जलेश्वरका जितेन्द्र महरा रिक्साचालक हुनुहुन्छ । गर्मी बढ्दा यात्रु पाउन र चर्को घाममा रिक्सा चलाउन निकै कठिन भएको उहाँ बताउनुहुन्छ । "अहिले घाम अनि तातो हावाले बिरामी नै पार्ला जस्तो भएको छ तर पेट पाल्न काम त गर्न पर्‍यो । मानिसहरू घरभित्रै बस्ने भएकाले आम्दानी पनि छैन," उहाँले भन्नुभयो ।

तराईका धेरै क्षेत्रमा सरकारी कार्यालयका काममा जान पनि कठिन भएको सेवाग्राही बताउँछन् । सहरी क्षेत्रमा मानिसहरूको चहलपहल निकै कम देखिन्छ । विद्यालय जाने नानीबाबुहरूलाई पनि समस्या भएको छ । यता सरकारी विद्यालयका शिक्षकहरू आन्दोलनमा गएकाले विद्यार्थीहरू दिनभरि घाममा डुलेर खेलेर बिताउने गरेका छन् । महोत्तरीका प्रमुख जिल्ला अधिकारी लालबाबु कबारीले अत्यधिक गर्मी बढेकाले पालिकाहरूसँग समन्वय गरेर विद्यालय बिदाका लागि छलफल भइरहेको बताउनुभयो ।

"गर्मीबाट जोगिन सबैसित आग्रह गरिएको छ," कबारीले भन्नुभयो, "सरकारी निकायबाट थप के गर्न सकिन्छ भनेर छलफलमै छौँ ।" चिकित्सकहरूले तातो हावा तथा लुबाट बच्न घरभित्र वा चिसो ठाउँमा रहन, घाममा हिँडडुल नगर्न, हलुका लुगा लगाउन, घरबाहिर निस्किँदा कपडा वा अरू कुराले टाउको छोप्न, पानी र झोल पदार्थ पर्याप्त पिउन सुझाव दिएका छन् । तातो हावा तथा लुका कारण अत्यधिक थकान हुने, कमजोरी हुने, तिर्खा लाग्ने, बेहोश हुने, वान्ता हुनेलगायत जोखिम निम्तिन सक्छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार भैरहवादेखि पूर्वसप्तरीसम्म तापक्रम ४० डिग्री सेल्सियस नाघेको छ । मधेश प्रदेशका आठ वटै जिल्लाको सरदर तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ ।

अपराह्न ४२ डिग्री सेल्सियससम्म पुग्ने तापक्रमले सहरी क्षेत्रमा चहलपहल पातलिएको छ । मनसुनी वर्षा सुरु नहुँदासम्म अत्यधिक गर्मी कायम रहने जोखिम रहेको विभागले जनाएको छ । मौसम विज्ञान विभागका अनुसार अहिलेको प्रणाली हेर्दा मनसुनी वर्षा सुरु हुन्छ भन्ने अवस्था छैन ।

### मिथिला 'पेन्टिङ'...

आफैँ सरिक हुने अवस्था बनाउने हो, यसका लागि बजार क्षेत्रका बासिन्दा किशोरीलाई सीप सिक्नासाथ व्यवसाय सञ्चालन गर्न सकून् भनेर सहभागी गराइएको हो," नगरप्रमुख मण्डल भन्नुहुन्छ, "यसले अरूलाई पनि उत्प्रेरित गर्ने हाम्रो विश्वास छ ।"

किशोरीलक्षित यो कार्यक्रम बालविवाहविरुद्धको अभियानको निरन्तरता पनि भएको मण्डलले स्पष्ट पार्नुभयो । "हामी योजनाबद्ध रुपमा बालविवाह पूरै नियन्त्रण गर्ने अभियानमा छौँ, यसका लागि पछिल्ला तीन वर्षयता छोरी शिक्षा, निरक्षर उन्मूलन, सामाजिक जागरण र सीप अभिवृद्धिका कार्यक्रमले निरन्तरता पाउँदै आएका छन्", नगरप्रमुख मण्डलले भन्नुभयो, "पछिल्ला तीन वर्षयताका हाम्रो प्रयत्नले राम्रो सफलता पाएको छ ।" तीन वर्षअघि ८०० बालविवाहका घटना भएको सम्झँदै नगरप्रमुख मण्डलले त्यसयता बालविवाहविरुद्धका घनिभूत कार्यक्रमका कारण यसमा कमी आएको बताउनुभयो । यसपालि जारी आर्थिक वर्ष २०८१/८२ को हालसम्मको अवधिमा नगरक्षेत्रमा कतैपनि बालविवाहका घटनाको जानकारी नरहेको उहाँको भनाइ छ । मटिहानी नगरपालिकाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामार्फत गत आर्थिक वर्ष २०८०/८१ मा निरक्षरता उन्मूलन अभियान सञ्चालन गरेको थियो ।

यसै अभियानअन्तर्गत विद्यालय जाने उमेरका बालबालिकालाई औपचारिक शिक्षामा जोड्ने र किशोरवय पार गरेकाहरुलाई घरबस्तीमै अनौपचारिक शिक्षा दिइएको थियो । सो अभियानको सफलताले नै आफ्नो नगर साक्षर घोषणा भएको नगरप्रमुख मण्डलको भनाइ छ । अहिले सञ्चालन भएको एकमहिने मिथिला पेन्टिङ तालिममा सहभागी किशोरी पनि बालविवाहविरुद्धको अभियन्ता हुन् । तालिमका सहभागीहरु बालविवाहलाई निरुत्साहित गर्नु र सीप सिकेर आत्मनिर्भर बन्नु मुख्य उद्देश्य रहेको बताउँछन् । मटिहानी–७ की १७ वर्षीया प्रिया ठाकुर भन्नुहुन्छ, "मिथिला पेन्टिङ आर्जनका लागि सम्भावनायुक्त सीप हुने विश्वास जागेको छ ।" रासस


# सखुवानन्कारकट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सखुवानन्कारकट्टी, सिराहा
### मधेश प्रदेश नेपाल

**सुचना ! सुचना !! सुचना !!!**

**(प्रकाशित मिति–२०८२/०१/१५)**

यस सखुवानन्कारकट्टी गाउँपालिकाको निर्णय अनुसार चालु आ.व. बर्ष २०८१/०८२ को लागि देहाय बमोजिम स्वीकृत सीप विकास तालिम तथा जनचेतना सम्बन्धी तालिम कार्यक्रमहरु गैर सरकारी संस्था समुदायमा आधारित संस्थाहरुको सहकार्यमा संचालन गर्नु पर्ने भएकोले देहायमा उल्लेखित कार्यक्रमहरुको लागि कानून बमोजिम योग्यता पुगेका गैर सरकारी संस्था/समुदायमा अधारीत संस्थाहरुवाट तपसिल अनुसारको प्रमाणित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र मिति २०८२/०१/२९ गते सम्म प्रस्ताव पेश गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :–**

| कार्यक्रम नं. | कार्यक्रमको नाम | रकम रु |
|---|---|---|
| १ | महिला सिप विकास तालिम वडा नं २ | १०,००,०००। |
| २ | महिलाहरुको शशक्तिकरण सिप मुलक तालिम वडा नं २ | ५,००,०००। |
| ३ | लागु औषध सम्बन्धी सचेतना कार्यक्रम वडा नं ३ | ५,००,०००। |
| ४ | श्री मा.वि.महदेवा पोर्ताहामा जात्तिय बिभेद सम्बन्धी सचेतना कार्यक्रम | ५,००,०००। |
| ५ | सिप मुलक तालिम – वडा नं ३ | ३,००,०००। |
| ६ | श्री आ.वि. सखुवानन्कारकट्टी–४ सिमराहामा बाल विवाह सम्बन्धी सचेतना कार्यक्रम | ५,००,०००। |
| ७ | जनचेतना मुलक तालिम गोष्ठी कार्य– वडा नं ४ | ५,००,०००। |
| ८ | श्री मा.वि. महेशबारीमा लागु औषध सम्बन्धी सचेतना कार्यक्रम | ५,००,०००। |
| ९ | कर्मचारी तालिम खर्च | ५,००,०००। |
| १० | सुचनाको हक सम्बन्धी तालिम | २,००,०००। |

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु**

१. आधिकारीक निकायमा दर्ता आवद्धता भएको।
२. संस्था नविकरण भएको प्रमाणपत्र।
३. लेखा परिक्षण भएको प्रतिवेदन।
४. भ्याटमा दर्ता भएको प्रमाण पत्र।
५. आर्थिक वर्ष २०८०/०८१ को आय कर चुक्ता प्रमाण पत्र।
६. प्रत्येक कार्यक्रमको लागि छुटाछुट्टै प्रस्तावना पत्र बझाउनु पर्नेछ।
७. प्रस्तावित कार्यक्रमको बिस्तृत कार्ययोजना पेश गर्नुपर्नेछ।
८. संघ संस्थाले सम्बन्धित कार्य गर्ने प्राविधिक प्रशासनिक जनशक्तिको शैक्षिक योग्यता प्रमाणपत्र तथा अनुभव प्रमाण पेश गर्नुपर्नेछ।
९. संस्थाको प्रोफाइल अनिवार्य पेश गर्नुपर्नेछ।
१०.कार्यक्रम नं. १ को ६ दिन र कार्यक्रम नं. १० को २ दिन र बाँकी सबै कार्यक्रम को ३ दिन सञ्चालन अवधि राखेर प्रस्तावना पेश गर्नुपर्नेछ।
११. कार्यक्रम नं. ३, ४, ६, ७ र ८ को लागि सहभागीको संख्या ५० जना, कार्यक्रम नं. १ को लागि ३५/३५ जनाको समूह बनाई ३/३ दिन संचालन हुने गरी जम्मा सहभागीको संख्या ७० जना, कार्यक्रम नं. २ को लागि सहभागीको संख्या ३५ जना, कार्यक्रम नं. ५ को लागि सहभागीको संख्या ३५ जना, कार्यक्रम नं. ९ को लागि सहभागीको संख्या ५० जना र कार्यक्रम नं. १० को लागि सहभागीको संख्या ४० जना हुनुपर्नेछ।
१२. सखुवानन्कारकट्टी गाउँ कार्यपालिकाको कार्यालयले उपलब्ध गराएको BOQ सखुवानन्कारकट्टी गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०८१ बमोजिम भरी पेश गर्नु पर्नेछ।

**छनौटका आधार**

१. कार्यक्रम संचालन गर्ने जनशक्तिको योग्यता दक्षता प्रभावकारीता मितव्यता र न्युनतम कवोल रकम तथा अन्य प्रचलित मापदण्ड समेतको आधारमा प्रस्ताव स्वीकृत गरिने छ।
२. यस सूचना सम्बन्धीत कार्यक्रमको सन्दर्भमा मुल्यांकन स्वीकृत तथा अस्वीकृतको सम्पुर्ण अधिकार सखुवानन्कारकट्टी गाउँपालिकामा निहित रहने छ।

**प्रमुख प्रशासकीय अधिकृत**